# नेपाल-भारत मैत्री पशुपति धर्मशाला सम्बन्धमा बतास समूहको प्रेस विज्ञप्ति

यस समूह अन्तर्गत रहेको होटल आनन्द प्रा. लि. ले कानुन बमोजिम पशुपति क्षेत्र विकास कोषसँग २०७६ साल वैशाख ३० गते होटलस्तरमा धर्मशाला सञ्चालन गर्ने सम्झौता गरेर सोही अनुरूप सञ्चालन गर्दै सहमति र स्वीकृति भए बमोजिम रु. २५ करोड भन्दा माथि लगानी गरी होटल सञ्चालन भएको कुरा विवादरहित छ। यसरी कोरोना महामारीको कारण होटल व्यवाशय धराशायी भएको समयमा समेत २०७९ वैशाख मसान्तसम्मको सम्झौता बमोजिमको बहाल रकम बुझाई सकेको तथ्य समेत निर्विवाद रहेको छ। नेपाल-भारत मैत्री पशुपति धर्मशालाका सम्बन्धमा विगत केही महिनादेखि विभिन्न प्रकारका सार्वजनिक टिप्पणी, सञ्चार माध्यमहरूमा आपत्तिजनक समाचार तथा राज्यको जिम्मेवार तहबाट नै गैर कानुनी तथा स्थापित विधि, विधान, ऐन, नियम र प्रचलन विपरीत हुने खालका असामान्य हर्कत समेत हुँदै आएको यहाँहरूलाई अवगत नै छ।

यो पृष्ठभूमिमा यही मिति २०७८ चैत्र १७ गते नेपाल-भारत मैत्री पशुपति धर्मशालाको प्राङ्गणमा जिम्मेवार सरकारी निकायबाट भएको आपत्तिजनक गतिविधिले नेपालको कानुनी शासनको नै धज्जी उडाउने, धर्मशालामा आश्रय लिइरहेका धर्मावलम्बीलाई त्रसित पार्ने, सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउवाको भारत भ्रमणको पुर्वसन्ध्यामा भारत सरकारको सहयोगमा निर्मित धर्मशालालाई केन्द्रमा राखेर वितण्डा मच्चाउने काम गर्दै नेपाल-भारत सम्बन्धमा नै खलल पुऱ्याउन उद्धत हुने, आम नेपाली व्यवसायीलाई राज्य आतङ्कमार्फत हतोत्साहित गर्ने र नेपालको पर्यटन क्षेत्रलाई नै गम्भीर असर पुग्ने गरी विदेशी पाउनालाई असुरक्षित महसुस गराउने काम भएको छ।

तर, राज्य शक्तिको दुरुपयोग गर्दै नेपाल-भारत मैत्री पशुपति धर्मशालाका सम्बन्धमा आम नागरिकलाई भ्रममा राख्ने कामलाई भने पशुपति विकास कोष र जिम्मेवार मन्त्रीबाट जारी नै छ। त्यसैले पछिल्ला दिनहरूमा विकसित घटनाक्रमको विवरण सार्वजनिक गर्न र यसअघि राज्य पक्षबाट प्रेषित भ्रामक सूचना र समाचारबाट आम नागरिक र सरोकारवालामा उत्पन्न भएको आशङ्काको अन्त्य गर्न सत्य, तथ्य र प्रमाणहरू समेत संलग्न गरी नेपाल-भारत मैत्री पशुपति धर्मशाला होटल आनन्दले भाडामा लिएको सम्बन्धमा विस्तृत विवरण सहित यो प्रेस सामग्री सम्प्रेषित गरिएको छ।

**पछिल्ला घटनाक्रमहरू :**

नेपाल-भारत मैत्री पशुपति धर्मशाला र होटल आनन्द बिच भएको लिज आउट सम्झौता जसरी पनि रद्द गरेरै छाड्ने भन्दै संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री प्रेम बहादुर आलेले सार्वजनिक रूपमा अभिव्यक्ति दिँदै हिँडेपछि बतास समूह मन्त्रीबाट कानुन विपरीतको त्यस्तो कार्य नहोस् भन्ने उद्देश्यका साथ कानुनी संरक्षण खोज्दै सम्मानित उच्च अदालत पाटन निषेधाज्ञाको रिट निवेदन सहित पुग्यो। उक्त निषेधाज्ञा मुद्दा अदालतमा विचाराधीन रहेको छ। यसै क्रममा पशुपति विकाश कोष सञ्चालक परिषद् च. न. १०५४ मिति २०७८/११/०१ को पत्र बमोजिम स्पष्टीकरण पेस गर्ने भनी होटल आनन्दको नाममा प्रेषित पत्र क्षेत्राधिकारविहीन, गैर कानुनी, गैर संवैधानिक भएको हुँदा उक्त पत्र उत्प्रेषणको आदेशले बदर गरी पाउन सम्मानित उच्च अदालतमा रिट निवेदन दायर भई विचाराधीन रहेको अवस्थामा माननिय मन्त्री प्रेम बहादुर आले मगरले सञ्चार माध्यमहरूमा छापामार शैलीमा होटल भित्र प्रवेश गरी, जिल्ला प्रशासन कार्यालय समेतलाई प्रभावमा परि सिलबन्दी गर्ने भनी समाचार प्रकाशित भएकोले त्यस्तो गैर कानुनी कार्य गर्ने प्रबल आशङ्का भएकोले जिल्ला प्रशासन कार्यालय काठमाडौँ समेत उपर निषेधाज्ञा निवेदन सम्मानित उच्च अदालतमा दायर भई विचाराधीन अवस्थामा रहेको छ।

तर, यसैबिच चैत्र १७ गते कार्यालय समय समेत व्यतीत भैसकेको अवस्थामा ठुलो सङ्ख्यामा प्रहरी, कोषका पदाधिकारी, सरकारी कर्मचारी, पत्रकार र सर्वसाधारणको भिड सहित नेपाल-भारत मैत्री पशुपति धर्मशालामा उपस्थित भए। सो भिडले धम्कीपूर्ण भाषामा त्यहाँ रहेका कर्मचारीलाई अनेकौं दबाब दियो। त्यहाँ रहेका पाहुनालाई समेत आतङ्कित पार्ने



an enterprise of BATAS organisation
Corporate Office:
Tilganga - 8, Kathmandu
T: 9802311612
E: info@batas.com
Head Office:
Naya Bazar, Pokhara, Kaski
T: 061 - 532486
W: www.batas.com

उद्देश्य सहित आएको भिड रातको ९ बजेसम्म त्यहाँ रहेका कर्मचारीलाई विभिन्न ढङ्गले धम्काउने, तर्साउने र दबाब दिने कार्य गर्दै बस्यो।

यसरी कानुन सम्मत ढङ्गले नेपाल-भारत मैत्री पशुपति धर्मशाला र होटल आनन्द बिच सम्झौता गरी सो सम्झौतालाई पूर्ण रूपमा पालना गर्दै सञ्चालन गरिएको नेपाल-भारत मैत्री पशुपति धर्मशालाको सञ्चालनलाई नै अवरुद्ध पार्ने गरी चैत्र १७ बिहीबार ठुलो सङ्ख्यामा प्रहरीहरू सहित पशुपति कोष सञ्चालन परिषद्का सदस्य एवं कर्मचारीहरू होटल कब्जा/सिलबन्दी गर्ने उद्देश्यले होटल परिसरमा उपस्थित भई त्यहाँ रहेका विदेशी पाउनालाई समेत त्रास उत्पन्न हुने गरी गरेको गैर कानुनी, अकल्पनीय, अस्वाभाविक र अमर्यादित कदमको होटल आनन्द र बतास समूह कडा शब्दमा निन्दा र भर्त्सना गर्न चाहन्छ। सम्बन्धित पक्षलाई कानुनी राज्यको अवधारणामा विश्वास गर्न, सम्मानित अदालतको सम्मान गर्न र गुण्डागर्दी शैलीमा आतङ्क मच्चाउने कार्य नगर्न समेत अनुरोध गर्न चाहन्छ।

होटल आनन्दले वैधानिक ढङ्गले भाडामा लिएर सम्झौता बमोजिम २५ करोड भन्दा बढी लगानी गरिसकेको अवस्थामा यसरी कुनै एक लहडी पात्रको सनक र पूर्वाग्रही मानसिकताको सिकार बन्न बतास समूह तयार छैन। आफ्नो लगानीको रक्षा गर्न पाउने संवैधानिक अधिकारको प्राप्तिको लागि बतास समूह कानुनी उपचारको लागि अदालतमा प्रवेश गरिसकेको अवस्थामा अदालतमा विचाराधीन मुद्दामा असर पर्ने गरी सरकारी निकायबाट भएका यस्ता गैर कानुनी र व्यवाशायिलाई आतङ्कित पार्ने गतिविधिलाई निरुत्साहित गर्न आम सञ्चार माध्यमले अहम् भूमिका खेल्न सक्छ भन्ने विश्वासका साथ सत्य तथ्य सूचना र जानकारी प्रेषित होस् भन्ने उद्देश्यले नेपाल-भारत मैत्री पशुपति धर्मशाला र होटल आनन्द बिच भएको लिज आउट सम्झौताबारे समेत थप जानकारी यहाँ राखिएको छ।

**नेपाल-भारत मैत्री पशुपति धर्मशाला र होटल आनन्द बिच भएको लिज आउट सम्झौताको पृष्ठभूमि**

भारत सरकारको आर्थिक सहयोगमा निर्माण सम्पन्न भई डेढ वर्ष भन्दा बढी समयसम्म सञ्चालनमा आउन नसकेको पशुपति क्षेत्र विकास कोष अन्तर्गत रहेको नेपाल भारतमैत्री पशुपति धर्मशालालाई के कसरी सञ्चालन गर्ने/गराउने र के कस्तो दररेट सेवा सुविधामा धर्मशाला सञ्चालन गर्न सकिन्छ भन्नेबारे अध्ययन

गरी प्रतिवेदन पेस गर्न पर्यटन मन्त्रालयले आफू मातहतको सरकारी निकाय Nepal Academy of Tourism and Hotel Management (NATHM) का प्रमुखको संयोजकत्वमा विशेषज्ञहरूको समिति गठन गऱ्यो। सो समितिले मिति २०७५ कार्तिक ४ गते मन्त्रालयलाई अध्ययन प्रतिवेदन पेस गऱ्यो । सो प्रतिवेदनले उक्त धर्मशाला सार्वजनिक निजी साझेदारी (Public Private Partnership (PPP) Model) अन्तर्गत २० वर्ष अवधिका लागि वार्षिक भाडा रु. ९५,००,०००/-अक्षरेपि पन्चानब्बे लाख रुपैयाँ मात्रमा करारमा दिई अन्दाजी १० करोडको थप लगानीमा सम्पूर्ण कोठाहरूमा स्नान गर्ने तथा आशौच गर्ने संरचना, कोठाहरूमा वातानुकूलित प्रणाली (Air Condition System), आन्तरिक सजावट, Fire Extinguisher, CCTV , water filtration, इन्टरकम प्रणाली आदि थप निर्माण गरी उक्त धर्मशालालाई Premium Category Accommodation को रूपमा सञ्चालन गरी प्रति द्वभम रु. ४५०/- देखि रु ५५००/- सम्म दर निर्धारण सुझाव दिएको थियो ।

सोही प्रतिवेदनले दिएको सुझावको आधारमा पशुपति क्षेत्र विकास कोषले मिति २०७५ माघ २९ मा सरकारी राष्ट्रिय दैनिक पत्रिका गोरखापत्रमा तिलगंगा स्थित धर्मशाला भवन दीर्घकालीन बहालमा दिई Premium Category Accommodation स्तरमा सञ्चालन गर्न दिने सम्बन्धी सार्वजनिक बोलपत्र प्रकाशन गऱ्यो।

उक्त सार्वजनिक टेन्डरमा प्रतिस्पर्धा ४ कम्पनी मध्ये प्राविधिक र आर्थिक मूल्याङ्कनमा उत्कृष्ट संस्था होटेल आनन्द प्रा.लि. ले १० वर्ष अवधिकोको लागि वार्षिक भाडा रु १,०५,४१,५१८- भुक्तानी गर्ने गरी कोठाहरूमा स्नान गर्ने तथा आशौच गर्ने संरचना, कोठाहरूमा बतानुकुलित प्रणाली (Air Condition System), आन्तरिक सजावट, Fire

Extinguisher, CCTV , water filtration, इन्टरकम प्रणाली आदि लगायतको सम्पूर्ण कार्यको निर्माण तथा जडान होटल आनन्दले आफ्नै लगानीमा गरी धर्मशाला सञ्चालन र व्यवस्थापन गर्ने सर्तमा नेपाल-भारत मैत्री धर्मशाला होटल आनन्द प्रा.लिले हस्तान्तरण लिएको हो।

यसरी सरकारले सरकारी पत्रिकामा प्रकाशित गरेको बोलपत्रमा रितपूर्वक आवेदन दिई छनौट भएको होटल आनन्द प्रा.ली. र पशुपति क्षेत्र विकास कोषबिच २०७६ साल वैशाख ३० गते होटलस्तरमा धर्मशाला सञ्चालन गर्ने सम्झौता भएको हो । 'नेपाल भारतमैत्री पशुपति धर्मशाला लिज आउट व्यवस्थाको कार्यविधि २०७५' समेत अभिन्न अङ्गका रूपमा रहने गरी गरिएको सो सम्झौताले निर्दिष्ट गरेका सर्तहरूको अधीनमा रही हालसम्म होटल आनन्द प्रा.लि. ले धर्मशाला सञ्चालन गरिरहेको छ । कोषको मिति २०७६ कार्तिक १८ गतेको निर्णय बमोजिम होटल आनन्दलाई १९ गते लेखेको प.स. ०७६/०७७ च.न. ४१३ को पत्रमा स्पष्ट किटान नै गरेर डोरमेट्री हलमा प्रति ब्यभम रु. ३५०/- (स्नान / आशौच/ wifi/ इन्टरकम भएको), कोठा रु. १०००/-(स्नान आशौच इन्टरकम/ TV/ wifi भएको), कोठा रु. २९००/- मा ( स्नान/ आशौच, AC/TV/ wifi/ सोफा/ इन्टरकम भएको) र ठुलो VIP कोठा रु. ५५००/- मा ( आशौच, AC/TV/ wifi/ इन्टरकम ध्यान कोठा/ किचेन / सहायक कोठा भएको) भन्दा माथि लिन नपाइने निर्देशन भए अनुसार उक्त स्वीकृत दर भित्रै रहेर धर्मशाला सञ्चालन हुँदै आएको छ। सो भन्दा बढी लिइएको पाइएमा, मांसाहारी र मादक पदार्थ प्रयोग भएको पाइएमा सम्झौता बमोजिम कारबाही हुनेछ भन्ने सम्झौताको सर्त प्रति होटल आनन्द सचेत छ ।

तर, तथ्य र प्रमाणले पुष्टि नहुने, कुनै पनि सत्यता नरहेका अनेकौं कपोलकल्पित कथाहरू बुनेर जसरी होटल आनन्दलाई बदनाम गर्ने र यसले कानुन सम्मत रूपमा भाडामा लिई सर्त बमोजिम थप लगानी गरी सेवा प्रदान गरिरहेको अवस्थामा पशुपति विकास कोषले नेपाल-भारत मैत्री पशुपति धर्मशाला सञ्चालन गर्न दिने सम्बन्धमा होटल आनन्दसँग गरेको सम्झौता खारेज गरेर यो समूहलाई आर्थिक तथा नैतिक रूपमा कमजोर पर्ने तथा क्षति पुऱ्याउने प्रयास भइरहेको छ, सो का विरुद्ध एकाकार हुन र कानुनी राज्य, न्याय र कानुनको दायरा भित्र रहेर निर्बाध रूपमा व्यापार व्यवसाय गर्न पाउने आम नेपालीको संविधान प्रदत्त अधिकारको समेत रक्षाका लागी आ-आफ्नो स्थानबाट सक्रियता देखाउन बतास समूह आम नेपाली नागरिकलाई समेत विनम्र अनुरोध गर्न चाहन्छ।

**होटल आनन्दलाई लागेका आरोप र सो सम्बन्धी प्रष्टीकरण (तथ्य प्रमाणहरू सहित) :**

क.) टेन्डर प्रक्रिया पुरा भएपछि मिति २०७६ वैशाख २३ गते पशुपति क्षेत्र विकास कोषले होटल आनन्दलाई सम्झौता गर्न आउने विषयमा पत्र लेख्यो। कोषको प. स. ०७५/०७६ को खरिद च. न. १२०६ को सो पत्रमा स्पष्ट रूपमा होटल आनन्द बोलपत्र प्रक्रियामा छनौट भएको र यसले कबोल गरेको वार्षिक भाडा एक करोड पाँच लाख एकचालीस हजार छ सय अठार रुपैयाँ स्वीकृत गरिएको समेत उल्लेख छ।  तर, हामीलाई भाडाका विषयमा एक जिम्मेवार मन्त्रीले समेत अनेकौं लाञ्छना लगाउनु कसरी न्यायोचित ठहर्न सक्छ ? यो प्रश्नको जवाफ होटल आनन्दले सदैव माग गरिरहेन छ।

त्यसै गरी, सम्झौता नै 'Premium Category Accommodation' स्तरमा धर्मशाला सञ्चालन गर्ने गरी भएकोमा धर्मशालालाई 'स्टार होटल' जस्तो बनाएको भन्दै अनर्गल र अस्वाभाविक रूपमा जिम्मेवार मन्त्री लगायतले टिप्पणी गर्नु भित्र लुकेको दुराशय के होला ? आशा छ, राज्यको चौथो अंगको रूपमा रहेको नेपालको शक्तिशाली सञ्चार क्षेत्रले यसको खोजी गर्ने छ।

# पशुपति क्षेत्र विकास कोष
## संचालक परिषद

देवपत्तन, काठमाडौं ।

फोन नं.: ४४७१८२८
फ्याक्स : ४४७२९६२
प्यान नं.: ३०४०१६१३४
अडियो नोटिस बोर्ड : १६१८०१४४७०५७५
मिति :- २०७६/१/२३

प. सं. :- ०७५/०७६
च. नं. :- [illegible], १२०६

श्री होटल आनन्द प्रा. लि.,
पोखरा ।

**विषय :- सम्झौता गर्न आउने बारे ।**

उपर्युक्त विषयमा यस कोषद्वारा **मिति २०७५।१०।२९** गतेको गोरखापत्रमा प्रकाशित सुचनानुसार तिलगंगा स्थित नेपाल भारत मैत्री "पशुपति धर्मशाला" भवन IFB No. PADT/Lease/2075-076/L-1 दिर्घकालिन बहालमा 'Premium Category Accommodation' होटल स्तरमा संचालन गर्न दिने सम्बन्धी बोलपत्रमा तपाईले पेश गर्नु भएको वार्षिक कबोल रु १,०५,४१,६१८।- (अक्षेरुपी रु एक करोड पाँच लाख एकचालिस हजार छ सय अठार मात्र) (मासिक बहाल रु ८,७८,४६८।१६- (अक्षेरुपी रु आठ लाख अठहत्तर हजार चार सय अट्सठी र सोह्र पैसा मात्र)) को कबोल बोलपत्र स्वीकृत गरिएको व्यहोरा यो पत्रमार्फत् जानकारी गराउदछु ।

ख.) होटल आनन्द प्रा. लि. ले पशुपति क्षेत्र विकास कोषसँग २०७६ साल वैशाख ३० गते होटलस्तरमा धर्मशाला सञ्चालन गर्ने सम्झौता गरेपछि मिति २०७६ जेठ १ गते कोषको प. स. ०७५/०७६ च.न. २१७८ को 'सम्झौता बमोजिम कार्यक्रम लागि समान र साँचो बुझ्न आउनु' भन्ने पत्र प्राप्त भएपछि मात्र औपचारिक रूपमा होटल आनन्दले भवनको साँचो र मौजुदा समान बुझेकोमा 'बतास समूहले धर्मशाला कब्जा गरेको' भन्ने ढङ्गले गरिएको प्रचार भित्रको कुनियतलाई के कसरी बुझ्ने ? के नेपालको कानुनले यस्तो अराजकतालाई छुट दिएको छ ?

# पशुपति क्षेत्र विकास कोष
## संचालक परिषद

देवपत्तन, काठमाडौं ।

फोन नं.: ४४७१८२८
फ्याक्स : ४४७२९६२
प्यान नं.: ३०४०१६१३४
अडियो नोटिस बोर्ड : १६१८०१४४७०५७५
मिति :- २०७६/२/१

प. सं. :- ०७५/०७६
च. नं. :- २१७८

श्री होटल आनन्द,
पोखरा ।

**विषय : सम्झौता बमोजिम कार्यारम्भका लागि समान र साँचो बुझ्नु आउनु हुन ।**

महोदय,

पशुपति क्षेत्र बिकास कोषको ठुलो प्रयास पछि मित्रराष्ट्र भारत सरकारले तयार गरी दिई कोषलाई प्राप्त भएको नेपाल भारत मैत्री "पशुपति धर्मशाला" Lease out व्यवस्थाबाट यहाँले सञ्चालनको जिम्मा पाउनु भएकोमा यस्तो सत्कर्म प्रति धन्यवादज्ञापन गर्दछु । उक्त भवनको शिघ्र बिकास गरी सञ्चालन समेत शिघ्रातिशिघ्र गर्नु हुनेछ भन्ने अपेक्षा राखी उक्त भवनको साँचो र मौजुदा सामान बुझ्न आधिकारीक व्यक्ति पठाईदिनु हुन अनुरोध गर्दछु ।

ग.) सम्झौताको दफा ३ बमोजिम होटल आनन्दले मिति २०७६ भद्र १० गते धर्मशालामा थप सुविधा विकास गर्ने सम्बन्धी स्वीकृति माग गर्दै लेखेको पत्रका आधारमा कोषले मिति २०७६ कार्तिक १४ गते 'सम्झौताको दफा १६ बमोजिम गठित समितिको सिफारिस अनुसार होटल आनन्दले संलग्न गरेको नक्सा बमोजिम मर्मत सुधार गरी धर्मशाला शीघ्र सञ्चालन गर्न स्वीकृत' दिए बमोजिम भएका निर्माणलाई थप जग्गा कब्जा, अनधिकृत निर्माण भन्दै चर्चा गर्नुलाई कानुनी राज र सभ्य समाजको एक अङ्गको रूपमा आफूलाई स्विकार्ने कुन पक्षले सही ठहर गर्न सक्छ ? के नेपाली समाज र यहाँ स्थापित मूल्य मान्यताले जिम्मेवार व्यक्ति र निकायलाई यस्तो तथ्यहीन कुरा गर्ने छुट दिएको छ ?


पशुपति क्षेत्र विकास कोष
संचालक परिषद
देवपत्तन, काठमाडौं ।

फोन नं.: ४४७१८२८
फ्याक्स : ४४७२९६२
प्यान नं. : ३०४०१६१३४
अडियो नोटिस बोर्ड :१६१८०१४४७०५७५
मिति :- मिति : २०७६/७/१४

प. सं. :- ०७६।०७७
च. नं. :- ३६६, स्था.ख.

श्री होटल आनन्द प्रा.लि.
पृथ्वीचोक, पोखरा ।

विषय : धर्मशालाको थप सुविधा बिकास गर्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा, तहाँको मिति २०७६/५/९ द.नं. ७८० मिति २०७६/५/१० को पत्र प्राप्त भई सम्झौताको दफा ३ बमोजिम यहाँले निर्माण स्वीकृति माग गर्नु भएकोमा सोही सम्झौताको दफा १६ बमोजिम गठित समितिको सिफारिस अनुसार तपाईले संलग्न गर्नु भएको नक्सा बमोजिम मर्मत सुधार गरी सिघ्र सञ्चालन गर्नु हुन स्वीकृति दिईएको छ ।

बोधार्थ:-

घ.) होटल आनन्दले मिति २०७६ मङ्सिर २ गते भवन तथा सम्पत्तिको बिमा गर्न धर्मशाला भवनले चर्चेको जग्गाको लालपुर्जा, मूल भवनको का.म.न.पा. बाट स्वीकृत नक्सा, भवन निर्माण सम्पन्न प्रमाण पत्र माग गर्‍यो। त्यसै गरी मङ्सिर १७ गते उल्लेखित कागजात बाहेक वातावरण प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन समेत माग गर्‍यो। पछि मिति २०७७ असार ८ गते र मिति २०७८ कार्तिक ३० गते समेत होटल आनन्दले कोषसँग ती कागजात माग गर्‍यो तर कोषबाट ती कागजात प्राप्त भएनन्। अब प्रश्न उठ्छ, मूल भवन र कम्पाउन्ड नै नक्सा पास नगरेको तथा लालपुर्जा नै उपलब्ध नगराएको अवस्थामा होटल आनन्दले थप जमिन कब्जा गर्‍यो, नक्सा नै पास नगरी भवनमा थप निर्माण कार्य गर्‍यो भन्न मिल्छ ? जुन भवन आफ्नै नक्सा पास छैन र निर्माण सम्पन्नको प्रमाण पत्र छैन भने भवन सम्पन्न भएकोमा किन थप गरेको भन्ने प्रश्न गर्नु मूर्खता बाहेक के हुनसक्छ ? त्यसमाथि अनिवार्य रूपमा निर्माण गर्नु अन्यथा कारबाही हुन्छ भनेर सम्झौतामा लेख्ने अनि अहिले किन थप निर्माण गरेको भन्ने प्रश्न गर्ने कुरालाई कसरी सन्तुलित मान्न सकिन्छ ?

HOTEL ANAND PVT. LTD

मिति : २०७५।०८।०२

पशुपति क्षेत्र विकास कोष
द.नं.: १६२१
मिति: २०७५।८।४
र.नं.:

श्रीमान सदस्य सचिव ज्यु
पसुपती क्षेत्र विकास कोष
तिलगंगा, काठमाडौं ।

विषय : कागजात उपलब्ध गराई पाऊ भन्ने बारे।

उपरोक्त सम्वन्धमा कोष र होटल आनन्द प्रा.लि. बीच भएको सम्झौता र कोषबाट स्वीकृत नक्सा बमोजिम भवन तथा सम्पतिहरुको बिमा गर्न र थप निर्माणको नगरपालिकामा नक्सा पास गर्नको लागि यस पसुपती धर्मसाला भवनले चर्चेको जग्गाको लालपुर्जा, मुल भवनको का.म.न.पा स्वीकृत नक्सा, सम्पन्न प्रमाण पत्र आदि उपलब्ध गराई पाउन अनुरोध छ ।

HOTEL ANAND PVT. LTD

मिति : २०७५।०८।१७

पशुपति क्षेत्र विकास कोष
द.नं.: १७६२
मिति: २०७५।८।१९
र.नं.:

श्रीमान सदस्य सचिव ज्यु,
पशुपति क्षेत्र विकास कोष
काठमाण्डौ ।

विषय : आवश्यक कागजात उपलब्ध गराई पाउ भन्ने सम्बन्धमा ।

हाल विद्यमान नियम कानुन बमोजिम र पशुपति क्षेत्र विकास कोष र होटल आनन्द विच भएको सम्झौता बमोजिम धर्मशाला भवनमा थप निर्माण र कारोवार संचालन गर्नको लागि धर्मशाला भवनको **नक्सा पास, निर्माण सम्पन्न पत्र साथै स्विकृत वातावरणीय प्रभाव मुल्यांकन** अध्ययन प्रतिवेदन आवश्यक हुने हुँदा यथासिग्र उपलब्ध गराई पाउ र कोषबाट समयमा आवश्यक कागजात उपलब्ध नहुँदा वा कोषबाट स्वीकृत नगरी निर्माण भएको भए यस निवेदक संस्थालाई पर्न जाने असुविधा, जरिवाना आदिमा सम्झौताको प्रथम पक्ष (पशुपति क्षेत्र विकास कोष) को नै जिम्मेवारी हुने हुँदा समयमै आवश्यक व्यवस्था गरि स्विकृत कागजात उपलब्ध गराई पाउनको लागि अनुरोध छ ।

HOTEL ANAND PVT. LTD

मिति २०७७।०३।०८

पशुपति क्षेत्र विकास कोष
द.नं.: ४०८९
मिति: २०७७/३/८
र.नं.:

श्रीमान सदस्य सचिव ज्यू,
पशुपति क्षेत्र विकास कोष
काठमाण्डौ ।

विषय : कागजात उपलब्ध गराई पाऊ भन्ने बारे

महोदय

उपरोक्त सम्बन्धमा मिति २०७६/०८/०४ मा यस होटल आनन्द प्रा.लि.ले त्यस पशुपति क्षेत्र विकास कोषलाइ पत्र (पत्रको मिति २०७६/०८/०२ तथा पत्रको दर्ता नं १६२१) मार्फत त्यस कोषबाट स्वीकृत नक्सा बमोजिम यस पशुपति भवन तथा सम्पतिहरुको विमा गर्न र थप निर्माणको नगरपालिकामा नक्सा पास गर्नको लागि कागजात उपलब्ध गराउन अनुरोध गरीएको तर हालसम्म पनि सो कागजात प्राप्त नभई व्यवसाय संचालनमा अवरोध आएकोले यथासिघ्र यस पशुपति धर्मशाला भवनले चर्चेको जग्गाको लालपुर्जा, मूल भवनको का. म. ना. पा. स्वीकृत नक्सा, निर्माण सम्पन्न पत्र, वातावरणिय प्रभाव मुल्याङ्कन (EIA) रिपोर्ट आदि उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु ।

HOTEL ANAND PVT. LTD

द.नं.: ११०१
मिति: २०७७/६/३०

मिति २०७७।०६।३०

श्रीमान सदस्य सचिव ज्यू,
पशुपति क्षेत्र विकास कोष
काठमाण्डौं ।

विषयः नक्सा, निर्माण सम्पन्न पत्र, लालपूर्जा उपलब्ध गराई पाऊ भन्ने बारे ।

महोदय

उपरोक्त सम्बन्धमा पशुपति क्षेत्र विकाश कोषको हक स्वामित्वमा रहेको तिलगंगा कित्ता नं २७, २८ र २९ स्थित नेपाल भारत मैत्री पशुपति धर्मशालाको मूल भवनको का.म.न.पा.बाट स्वीकृत नक्सा, निर्माण सम्पन्न पत्र, लालपूर्जा लगायत कागजात यस होटल आनन्द प्रा.लि.ले त्यस पशुपति क्षेत्र विकास कोषलाई पत्र (पत्रको मिति २०७६/०८/०२ तथा पत्रको दर्ता नं १६२१ र पत्रको मिति २०७७/०३/०८ तथा पत्रको दर्ता नं ४०८९) मार्फत पटक पटक अनुरोध गरेको तर हालसम्म उपलब्ध नभएको जानकारी गराउदछौ । यस होटललाई तुरुन्तै पर्यटन विभागमा दर्ता गर्न तथा अन्य

ङ.) कोषबाट मिति २०७६ माघ २१ गते शिवरात्रि पर्व नजिकिएकोले धर्मशाला सञ्चालन गर्ने समय र मिति कोषलाई जानकारी गराउनु भन्ने पत्र होटल आनन्दलाई प्राप्त भयो। सो पत्रको जवाफमा होटेलले शिवरात्रि सम्ममा ५० कोठा सञ्चालनमा ल्याउने र यसबिच थप पूर्वाधार विकासका लागि १२ करोड २८ लाख लगानी गरिसकिएको र जम्मा २४ करोड लगानी हुने अनुमान लगाएको समेत जानकारी सहित पत्र लेख्यो। सम्झौताको बुँदा न. ५ मा "धर्मशालामा होटल आनन्द नामबाट व्यवसाय सञ्चालन गर्न थप पूर्वाधार विकासका लागि अनिवार्य न्युनतन २ करोड लगानी गर्नुपर्ने' उल्लेख भए अनुसार नै थप लगानी गरिएको हो र त्यसको जानकारी समयमा नै दिँदै आएकोमा होटल आनन्दले आफूखुसी लगानी गरेको भन्दै सरोकारवाला मन्त्रालयका जिम्मेवार व्यक्तिले झुटो प्रचार गर्नु घोर आपत्तिको विषय हो। होटल आनन्दले गरेको लगानीलाई जोखिममा पार्ने यस्ता टिप्पणी अमान्य र आपत्तिजनक छन्।

## पशुपति क्षेत्र विकास कोष

### संचालक परिषद

देवपत्तन, काठमाडौं ।

फोन नं.:४४७१८२८
फ्याक्स : ४४७२९६२
प्यान नं.: ३०४०१६१३४
अडियो नोटिस बोर्ड : १६१८०१४४७०५७५


प. सं. :- ०७६।७७
च. नं. :- १११७
मिति :- २०७६।१०।२१

श्री होटेल आनन्द प्रा. लि.
कास्की, पोखरा ।

**विषय: धर्मशाला सञ्चालनको मिति बारे ।**

महाशिवरात्री पर्व २०७६ नजिकिदै आएको र नेपाल तथा मित्रराष्ट्र भारतका तीर्थयात्री भक्तजनहरुको आगमन शुरु भई सकेको छ । भक्तजन तीर्थयात्रीहरुको सुविधाका लागि नेपाल भारत मैत्री पशुपति धर्मशाला सञ्चालन गर्ने जिम्मेवारी दिइएकोमा हाल सम्म पनि सञ्चालनमा आएको नदेखिएको हुनाले सम्झौता बमोजिमका कार्यहरुको स्थिति सहित धर्मशाला सञ्चालन गर्ने समय र मिति कोषलाई जानकारी गराउन आग्रह गरिन्छ ।

(डा. प्रदीप ढकाल)
सदस्य-सचिव



HOTEL ANAND PVT. LTD

मिति २०७६।११।०५

श्रीमान सदस्य सचिव ज्यु,

पशुपति क्षेत्र विकास कोष

काठमाण्डौ ।

विषय : धर्मशाला संचालन सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा भक्तजन तीर्थयात्रीलाई सुविधा दिने उद्देश्य रहेको धर्मशालाका केही कोठाहरु संचालनमा आईसकेको, महाशिवरात्री सम्ममा ५० कोठाहरु संचालनमा आउने र चैत्र अन्त सम्ममा धर्मशाला पूर्ण रुपमा संचालनमा आउने कुराको जानकारी गर्दछु र साथै सम्झौताको बुंदा नं ५ मा "यस बहाल सम्बन्धि करारनामामा उल्लेखित धर्मशाला भवनमा दोस्रो पक्षले होटल आनन्द नामबाट व्यावसाय संचालन गर्न थप पूर्वाधार विकाशको लागि अनिवार्य न्यूनतम रु २,००,००,०००।- (अक्षेरुपी रु दुई करोड) लगानी गर्नु पर्नेछ ।" भनि उल्लेख गरीए तापनी धर्मशालाको थप पूर्वाधार विकाशको लागि सम्झौताको मितिदेखि हालसम्म रु. १२,२८,००,०००।- लगानी भएको र निर्माण सम्पन्न हुदासम्म अनुमानित रु २४ करोड लगानी हुने जानकारी गर्दछु। उक्त लगानीको विवरण २०७६/७७ को लेखापरीक्षण (Audit Report) मार्फत प्रमाणित गरीनेछ ।

भवदीय

च.) होटल आनन्दले समयमा कबोल गरे अनुसारको भाडा समेत नतिरेको भन्ने सम्बन्धमा समेत केही स्पष्टताको आवश्यकता देखिन्छ। होटल आनन्दले मिति २०७७ असार २४ गते कोभिड-१९ को महामारीको कारण भएको लकडाउनको समयको भाडा छुटको माग गर्दै कोषलाई पत्र लेखेको थियो। तर, त्यसको कुनै जवाफ प्राप्त भएन। तर, मिति २०७८ कार्तिक १० गते २०७८ साल असार मसान्त सम्मको भाडा रकम एक करोड ५४ लाख ६१ हजार उनन्चालीस रुपैयाँ चुक्ता गर्नु भन्ने ब्यहोराको पत्र प्राप्त भयो। तर, दुवै पक्षको हिसाब मिलान हेर्दा मिति २०७८ पौष मसान्त सम्मको समेत जम्मा ८८ लाख ३४ हजार ३ सय १८ रुपैयाँ मात्र देखिन आएकोमा मिति २०७८ माघ ११ गते सो रकम दाखिला गरिसकिएको छ। सहिदिन कोषबाट विलम्ब शुल्क समेत तिर्नु भनी गणना गरी थप ११ लाख ५० हजार ४ सय ४८ रुपैयाँ माग भएकोमा सहिदिन सो रकम समेत भुक्तान गरिसकिएको छ। यसबिच होटल आनन्द छुटको आशामा बसेको तर त्यसलाई अटेर गरी भाडा नतिरेको भन्ने प्रचार गरिएको कुरा आम नागरिकलाई अवगत गराउन चाहन्छौं। यसबिच हामीले भुक्ता गर्नु पर्ने जम्मा ८८ लाख मात्र रहेकोमा पनि २०७८ सात असार सम्मको नै डेढ करोड भन्दा माथि भुक्तान गर्न बाँकी रहेको भन्ने प्रचार गर्नु र सोही ब्यहोराको पत्र हामीलाई समेत प्रेषित गर्नुमा कोषको के कस्तो उद्देश्य थियो भन्ने शायद भगवान् पशुपति नाथलाई मात्र थाहा होला। चाहे जे होस्, कबोल गरे अनुसारको भाडा नियमित रूपमा भुक्तान गर्ने कुरा होटल आनन्द सार्वजनिक रूपमा नै प्रतिबद्धता व्यक्त गर्न चाहन्छ।

HOTEL ANAND PVT. LTD

मिति : २०७७।०३।२४

पशुपति क्षेत्र 'कास कोष
द.नं ४४६८
मिति २०७७।३।२५
र.नं :

श्रीमान सदस्य सचिव ज्यु,
पशुपति क्षेत्र विकास कोष
काठमाण्डौं ।

विषय : भाडा छुट सम्बन्धमा ।

कोभिड १९ को महामारी तथा देशव्यापी लकडाउनका कारणले होटल व्यवसायी तथा पर्यटन क्षेत्र अत्याधिक प्रभावित भएको व्यहोरा अवगत गराउदै लकडाउन अवधिभर र नेपाल सरकारबाट होटल व्यवसाय पूर्ण रुपमा संचालन गर्ने अनुमति प्राप्त नहुन्जेलसम्मलाई पशुपति धर्मशाला भवनको भाडा छुट गरि सहयोग गरिदिनु हुन अनुरोध गर्दछौ ।

# पशुपति क्षेत्र विकास कोष

## संचालक परिषद

देवपत्तन, काठमाडौं ।

प. सं. :- ०७७/०७८
च. नं. :- २६१

मिति :-

श्री होटल आनन्द,

विषय:- बाँकी बक्यौता रकम चुक्ता गर्ने बारे ।

उपर्युक्त विषयमा त्यस होटलबाट संचालित यस कोष मातहत रहेको नेपाल भारत मैत्री धर्मशालाको २०७८ साल आषाढ मसान्त सम्म कोषलाई बुझाउनु पर्ने बक्यौता रकम रु.१५४६१०३९।८८ अक्षरेपी एक करोड चौवन्नलाख एकसाठ्ठीहजार उनान्चालिस र पैसा अठासी लकडाउन भएको अवधिको भाडा रकम सम्बन्धमा कार्य सम्पादन समिति एवं संचालक परिषद्बाट निर्णय भए पश्चात हुनेगरी उपरोक्त बक्यौता रकम यथाशिघ्र कोष कार्यालयमा बुझाउनुहुन जानकारी गराउदछु ।

बोधार्थ-

नेपाल भारत मैत्री धर्मशाला

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भाडा भुक्तानी गर्ने | | | | वैशाख | | | | | | | |
| धरौटी रकम : | | | | 8,206,405 | | | | | | | |
| शुरु गर्ने धरौटी रकम : | | | | 5,270,809 | | | | | | | |
| धरौटी रकमको फरक : | | | | 2,935,596 | कि.मि. [illegible] | 1,178,660 | कि.मि. [illegible] | 300,192 | | | |
| महिना | | बहाल दर | बहाल रकम | नगद जम्मा | धरौटीबाट मिलान | छुट हुन बाँकी रकम | विलम्ब शुल्क (१०%) | बाँकी रकम | कुल बाँकी | कैफियत | |
| 2 | २०७७ जेठ, असार | - | - | | | | | | | सम्झौता बमोजिम छुट | |
| 1 | साउन | - | - | | | | | | | सम्झौता बमोजिम छुट | |
| 3 | २०७७ भदौ, असोज, कार्तिक | 878,468 | 2,635,405 | 878,468 | 1,756,936 | - | | | | | |
| 3 | मंसिर, पुस, माघ | 878,468 | 2,635,405 | 2,635,405 | - | - | | | | | |
| 3 | फागुन, चैत, २०७८ वैशाख | 878,468 | 2,635,405 | 1,756,936 | 878,468 | - | | | | | |
| 3 | जेठ, असार र साउन | 922,392 | 2,767,175 | - | 300,192 | 2,466,983 | 246,698 | 2,713,681 | 2,713,681 | | |
| 3 | भदौ, असोज, कार्तिक | 922,392 | 2,767,175 | - | | 2,767,175 | 276,717 | 3,043,892 | 5,757,574 | | |
| 3 | मंसिर, पुस, माघ | 922,392 | 2,767,175 | - | | 2,767,175 | 276,717 | 3,043,892 | 8,801,466 | | |
| 3 | फागुन, चैत, २०७८ वैशाख | 922,392 | 2,767,175 | - | | 2,767,175 | 276,717 | 3,043,892 | 11,845,358 | | |
| 3 | जेठ, असार र साउन | 968,511 | 2,905,533 | 4,268,034 | | (1,362,500) | - | (1,362,500) | 10,482,858 | | |
| 3 | भदौ, असोज र कार्तिक | 968,511 | 2,905,533 | 5,534,349 | | (2,628,816) | - | (2,628,816) | 7,854,042 | | |
| 2 | मंसिर, पुस | 968,511 | 1,937,022 | | | 1,937,022 | 193,702 | 2,130,725 | 9,984,766 | | |
| | | | 26,723,002 | 15,073,192 | 2,935,596 | 8,714,213 | 1,270,553 | 9,984,766 | | | |
| | | | | | 18,008,789 | | | | | | |

दर्ता
१५२६
२०७८/१०/१२

HOTEL ANAND PVT. LTD

श्रीमान कोषाध्यक्ष ज्यू,

मिति : २०७८।१०।११

पशुपति क्षेत्र विकास कोष,

काठमाडौं ।

विषय : बहाल रकम र विलम्ब शुल्क दाखिला गरिएको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस होटल आनन्द प्रा.लि.ले पशुपति क्षेत्र विकास कोष संग सम्भौता गरि नेपाल भारत मैत्री धर्मशाला बहालमा लिई संचालन गरि रहेको विदितै छ। सम्झौता बमोजिम यस प्रा.लि.ले कोष लाई भुक्तानी गर्नुपर्ने बहाल रकम समय समयमा भुक्तानी गरि नै रहेको यहाँलाई जानकारी नै छ। यसै सन्दर्भमा मिति २०७८।०७।१० पत्र संख्या ०७८।७९ को च.नं २९१ मार्फत प्राप्त हुन आएको पत्रमा बक्यौता रकम रु १,५४,६१,०३९।८८ (अक्षेरुपी एक करोड चौवन्न लाख एकसट्ठी हजार उनन्चालिस रुपैयाँ अठासी पैसा मात्र) भएको जानकारी हुन आएको तथा दुबै तर्फको खाता मिलान गरि हेर्दा मिति २०७८ पौष मसान्त सम्मको भुक्तानी गर्न बाँकी बहाल रकम केवल रु. ८८,३४,३१८।०० (अक्षेरेपी अठासी लाख चौतिस हजार तीन सय अठार रुपियाँ मात्र) देखिएको हुँदा उक्त रकम मिति २०७८।१०।११ गते यस होटल आनन्द प्रा.लिको सनराईज बैंक लिमिटेड खाता नं. ००२०६३४२२१७०१००१ बाट त्यहाँ पशुपति क्षेत्र विकास कोषको नेपाल बैंकको खाता नं ०३२०१००००६६५७३००००१ मा RTGs गरि दाखिला गरिएको तर प्राविधिक समस्याका कारण उक्त रकम सो खातामा दाखिला हुन नसकेको जानकारी बैंक मार्फत प्राप्त भएको हुँदा तत्काल नै उक्त रकम कोषको सनराईज बैंक लिमिटेड पिंगलास्थान शाखामा रहेको खाता नं ०३३०४२८५५०७०१००१ मा दाखिला गरिएको जानकारी गराइन्छ।

कोभिड-१९ को महामारीका कारण लकडाउन भएको अवधीको बहाल रकम छुट गरिदिनु हुन भनि यस प्रा.लि.ले मिति २०७७।०३।२४ प्रेषित तथा मिति २०७७।०३।२५ मा दर्ता नं. ४४६८ अनुसार अनुरोध गरेकोमा तहाँ बाट प्रेषित सोहि पत्र अनुरुप संचालक परिषदको निर्णय बमोजिम हुने भनि जानकारी प्राप्त हुन आएको हुँदा लकडाउन अवधीको बहाल रकम छुट हुने विश्वासका कारण केही समय पर्खदा माथि उल्लेखित रकम भुक्तानी गर्न बाँकी देखिन आएको जानकारी गराउदछौ। साथै हाल सम्पूर्ण रकम भुक्तानी भई सकेको हुँदा उक्त छुट रकम आगमी महिनाको बहालमा मिलान गरिदिनु हुन सादर अनुरोध छ।

साथै त्यस कार्यालय बाट मिति २०७८।१०।११ गतेका दिन बिलम्ब शुल्क समेत भुक्तानी गर्नु भन्ने जानकारी र बिलम्ब गणना गरिएको सिट समेत प्राप्त भएको र उक्त जानकारी बमोजिम विलम्ब रकम ११,५०,४४८।०० (अक्षेरेपी एघार लाख पचास हजार चार सय अठ्चालिस मात्र) समेत कोषको सनराईज बैंकमा रहेको सोहि खातामा दाखिला गरिएको सादर अनुरोध गराइन्छ। साथै अन्य कुनै भुक्तानी गर्न बाँकी रकम भए सोको जानकारी गराएमा यथासिघ्र भुक्तानी गरिने जानकारी गराईन्छ।

छ.) धर्मशालामा सम्झौता विपरीत अन्य कम्पनीका कार्यालय राखेको तथा अरूलाई भाडामा दिएको भन्ने सम्बन्धमा हामी तथ्य सहित यो स्पष्ट पार्न चाहन्छौँ कि कोषसँग होटल आनन्दले गरेको सम्झौताले होटल आनन्दलाई यस्ता कार्यलाई राख्न पाउने अधिकार स्पष्ट रूपमा प्रदान गरेको छ। सम्झौताको बुँदा नम्बर १९ मा लेखिएको छ : "प्रथम पक्षको धर्मशाला भवन तथा लिगलगापतमा दोस्रो पक्षले आवश्यकता अनुसार तेस्रो पक्षलाई यस करारको समय सीमा भित्र रहने गरी र यसै करारमा उल्लेखित सर्त बमोजिम गर्न पाउने गरी आंशिक रूपमा बहालमा दिन पाउने छ तर

तेस्रो पक्षबाट हुनसक्ने काम कारबाहीको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको नै हुनेछ भन्ने कुरामा दुवै पक्षको पूर्ण मन्जुरी रहेको छ।"

१९) प्रथम पक्षको धर्मशाला भवन तथा लिगलगापतमा दोश्रो पक्षले आवश्यकतानुसार तेश्रो पक्षलाई यस करारको समय सिमा भित्र रहने गरी र यसै करारमा उल्लेखित शर्त बमोजिम गर्न पाउने गरी आँशिक रुपमा बहालमा दिन पाउनेछ तर तेश्रो पक्षबाट हुन सक्ने काम कारवाहीको सम्पूर्ण जिम्मेवारी दोश्रो पक्षको नै हुनेछ भन्ने कुरामा दुवै पक्षको पुर्ण मन्जुरी रहेकोछ ।

यसरी सम्झौता पत्रमा नै व्यवस्था भए बमोजिम बतास समूहले आफ्नै समूह अन्तर्गतका अन्य कम्पनीहरूको कार्यलाई राखेको विषय के कसरी गैर कानुनी ठहर्छ होला ? यस्तो आरोप लगाउनु पूर्व एक पटक सम्झौता पढ्ने चेष्टा आरोप लगाउनेहरूले गरेको भए आम सर्वसाधारणमा अवश्य पनि भ्रम उत्पन्न हुने थिएन। न त, सञ्चार माध्यमहरूको विश्वसनीयता नै गुम्ने गरी गलत र भ्रामक समाचार प्रकाशित हुने थिए।

धर्मशाला भाडामा दिने जिम्मेवार निकाय पशुपति विकास कोषबाट कानुन सम्मत धर्मशाला भाडामा लिएर आफ्नो व्यावसायिक धर्म निभाउँदै धर्मशाला सञ्चालन गर्ने व्यापारिक कम्पनीलाई अनेकौं कपोकल्पित र भ्रामक आरोपहरूसहित बदनाम गर्ने कामले आम नेपाली उद्योगी, व्यापारी र व्यवसायीलाई पारेको आघात र राज्यप्रति गुमेको विश्वासले हाम्रो मुलुकको आर्थिक विकासमा पार्ने क्षतिबारे समेत आङ्कलन गर्दै यस विषयमा थप विमर्श हुने नै छ भन्ने हाम्रो विश्वास छ। पशुपति धर्मशालाको यो विषयमा राज्य नै आतङ्क मच्चाउन उद्धत भएको यथार्थतालाई नेपाली समाजका हरेक तप्काले आ-आफ्नो ढङ्गले विश्लेषण गरिरहेकै होला भन्ने हाम्रो अनुमान छ। आशा गरौं, अनेकौं स्वार्थ, उद्देश्य, लाभ र लालसाले अभिप्रेरित भएर सरकारका जिम्मेवार मन्त्री लगायत अन्य जे जसरी होटल आनन्द र समग्रमा बतास समूहलाई व्यावसायिक गतिविधिबाट निरुत्साहित पार्ने काममा लागे अब त्यो क्रमको अन्त्य हुनेछ।

यसबिच बतास समूह माथि भएको आक्रमणको विरुद्धमा अग्र मोर्चामा उभिएर प्रतिकार गर्ने नेपालका उद्योगी-ब्यापारीहरुका सबै छाता सङ्गठनहरू, आम बुद्धिजीवी, व्यवसायी, विद्वत वर्ग, सञ्चार माध्यम र आम नेपाली जन समुदाय प्रति बतास समूह कृतज्ञता व्यक्त गर्न चाहन्छ। यहाहरुको साथ हाम्रो व्यावसायिक जीवनको लागि सञ्जीवनी साबित भएको फेरी एक पटक दोहोऱ्याउन चाहन्छौं।

मितिः २०७८/१२/२१

आनन्द राज बतास

अध्यक्ष

होटल आनन्द प्रा.लि.